# लहान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

लहान, सिरहा
प्रदेश नं. २ नेपाल

☎०३३ ५६०१३८ कार्यालय
५६०१३९ प्रशाशन
५६०३७० राजश्व
५६०१३७ फ्याक्स


पत्र संख्या:-२०७७/७८(कृषि)
च. न.:-

मिति :-२०७७/०७/२० गते

**(प्रथम पटक प्रकासित मिति २०७७/०७/२० गते)**

विषय :-**मलखाध डिलरसिपको लागि कृषि सहकारी संस्था सिफारिस सम्वन्धमा सुचना ।**

प्रस्तुत सम्वन्धमा कृषि सामग्री कम्पनी ली.शाखा कार्यालय लहानको च.न.७० मिति २०७७/०६/३० गतेको पत्रानुसार तथा मन्त्रिपरिषदको मिति२०७७ भाद्र महिनामा पारित अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका २०७७ अनुसार सिरहा जिल्लामा अनुदानको मल वितरण गर्दै आईरहेको सहकारी डिलरहरु स्वत : खारेज भई स्थानिय समितिको सिफारिसमा नयाँ डिलरसीप कायम गरी कार्य संचालन गर्नु पर्ने तथा चाँडै नै गहुँ ,तोरी ,मुसुरो खेति शुरु हुने हुँदा स्थानिय समितिले जति सक्दो छिटो डीलरसीपका लागि कृषि सहकारी संस्थाहरुलाई सिफारिस नगरेमा कृषकहरुमा असुविधा पर्न जाने हुँदा अनुदानको मल वितरण निर्देशिका २०७७ले निर्धारण गरेका व्यवंस्थापनमा रही डीलरसीपको सिफारिसका लागि इच्छुक कृषि सहकारी संस्थाहरुले लहान नगरपालिका कृषि विकास शाखामा **मिति २०७७/७/२७ गते भित्र** कार्यालय समयमा आवेदन पेश गर्नु हुन सम्वन्धित सवै कृषि सहकारी संस्थाहरुको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ ।

**आवश्यक कागजातहरु.:-**

१.संस्थाको वार्षिक साधारण सभाको निर्णय प्रतिलिपि /तथा मलखाध डीलर लिने वारे माईगनेटिङ ।
२.सहकारी संस्थाको प्रमाण पत्रको प्रतिलिपि ।
३.व्यवसाय दर्ता प्रमाण पत्र ।
४.स्थाई लेखा न.प्रमाण पत्रको प्रतिलिपि ।गत आ.व.को कर चुक्ता प्रमाण ।
५.संस्थाको आ.व.२०७६/७७को लेखा परिक्षण प्रतिवेदन प्रतिलिपि ।
६.डिजिटल तराजु १०० एक शय के .जी.क्षमता भएको ।
७.५०० -पाँच शय वोरा क्षमता भएको भुई फ्लोर आर.सि.सि.ढलान भएको गोदाम घर संस्थाको नाममा सम्फौता समेत रहेको हुनुपर्ने छ ।
८.कृषकलाई विल अनिवार्य दिनु पर्ने व्यवस्था भएको /विलको ढाँचा/ भरपाई ।
९संस्थाको कार्यालय वोर्ड सवैले देख्ने ठाँउमा राखेको हुनुपर्ने छ ।
१०.मल खादको प्राप्त विवरण हवाईट वोर्डमा लेखेर सवैले देख्ने ठाँउमा राखेको हुनुपर्ने व्यवस्था भएको ।
११.प्राविधिक निरिक्षण प्रतिवेदन ।
१२.इच्छुक सहकारी संस्थाले लहान न.पा.मा कुन कुन (वढीमा ५ वटा वडा )मा विकि वितरण गर्ने हो । खुलाई पेश गर्ने ।
१३.संस्थामा कर्मचारी राखेको विवरण ।
१४.कम्प्युटरको व्यवस्था भएको प्रमाण ।
१५.वडा कार्यालय सिफारिस पत्र ।

प्रकास साह हलवाई
कृषि विकास अधिकृत

वोदार्थ :-श्री लहान नगरपालिकाको कार्यालय लहान
श्रीमान् नगर प्रमुख / नगर उपं प्रमुख ज्युको सचिवालय :-जानकारीको लागि अनुरोध छ ।
श्री लहान नगरपालिका सुचना प्रविधि शाखा :-सुचना वेव साईडमा अप लोड गरीदिनु हुन ।